# पाठ १७

# यूहन्ना १७

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

आफ्ना चेलाहरूका निम्ति येशूको प्रार्थना
- तपाईंले मलाई दिनुभएका मानिसहरू
- तिनीहरूलाई सुरक्षित राख्नुहोस्
- तिनीहरू एक होऊन्
- मसँग रहून्

---

## आफ्ना चेलाहरूका निम्ति येशूको प्रार्थना

---

यूहन्ना १७ अध्याय पढ्नुहोस्।

### तपाईंले मलाई दिनुभएका मानिसहरू

यूहन्ना १७:१-८ फेरि पढ्नुहोस्।

येशूलाई पक्रिनुभन्दा केही समय पहिले उहाँले आफ्ना चेलाहरूका निम्ति गर्नुभएको प्रार्थनाको विवरण यूहन्ना १७



अध्यायमा उल्लेखित छ। उहाँले शिक्षण र प्रचारको आफ्नो कामलाई सिध्याउनुभएको थियो। उहाँद्वारा उहाँका चेलाहरू परमेश्वरसँग परिचित भएका थिए। उहाँले तिनीहरूलाई अनन्त जीवन दिनुभएको थियो।

> "अब अनन्त जीवन यही हो कि तिनीहरूले तपाईं एक मात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएका येशू ख्रीष्टलाई चिनून्" (यूहन्ना १७:३)।

संसारका पापहरूका निम्ति मर्नका लागि येशूको निम्ति समय आएको थियो। संसारबाट परमेश्वरले उहाँलाई दिनुभएका मानिसहरूलाई उहाँले आफ्ना पिताकहाँ प्रस्तुत गर्नुभयो। तिनीहरू अझै संसारमा नै थिए तर यस दुष्ट र अधर्मी चालचलनमा सहभागी थिएनन्। तिनीहरू सांसारिक आनन्द, शक्ति वा मान-मर्यादाको निम्ति नभएर परमेश्वरका निम्ति जिएका थिए।

**तपाईंको अभ्यासको निम्ति**

**१** यूहन्ना १७:३ कण्ठ गर्नुहोस्।

**तिनीहरूलाई सुरक्षित राख्नुहोस्**

यूहन्ना १७:६-२० फेरि पढ्नुहोस्।

संसारबाट परमेश्वरले आफूलाई दिनुभएका मानिसहरूका बारेमा येशूले बताउनुभयो। येशूका चेलाहरू सन्तहरू वा पवित्र मानिसहरूका रूपमा जन्मेका थिएनन्। अरू मानिसहरूजस्तै तिनीहरू पनि पापी नै थिए। तर तिनीहरू येशू ख्रीष्टमा विश्वास गरी उहाँका पछि लाग्नका लागि पापहरूबाट फर्केका थिए। अनि यसरी तिनीहरूले उद्धार पाएका थिए।

आफ्ना चेलाहरूले त्यही रात नै आफूलाई त्याग्नेछन् भनी येशूलाई थाहा थियो। तिनीहरूलाई सुरक्षित राख्नका लागि उहाँले परमेश्वरसँग प्रार्थना गर्नुभयो। येशू तिनीहरूसँगै हुनु भए तापनि उहाँको एउटा चेला यहूदा पतन भयो। आफूले चेलाहरूलाई छोडेपछि, उहाँले तिनीहरूलाई सिकाउनुभएको कुरालाई त्याग्न र आफ्नै पुरानो जीवनमा फर्कनका लागि तिनीहरू परीक्षित हुनेछन् भन्ने कुरा येशूलाई थाहा थियो।

शैतानले हामीलाई परमेश्वरबाट अलग पार्न सक्दैन, तर परमेश्वरबाट तर्काउन र पापमा लैजानका लागि उसले कोशिश गर्छ। ख्रीष्टका निम्ति जिउनका लागि तपाईंले निर्णय बनाउनुभएपछि, फर्केर पछाडिकै जीवनमा जानका लागि शैतानले हामीलाई परीक्षा गर्छ। येशूले तपाईंका निम्ति प्रार्थना गरिदिनुभयो र अहिले पनि गरिरहनुभएको छ भन्ने कुरालाई याद गर्नुहोस्। २० पद पढ्नुहोस्।

> "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजीक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब्रू ७:२५)।

हामीले संकष्ट भोग्न नपरोस् भनी संसारबाट हामीलाई बाहिर लैजानुहोस् भनी येशूले पितासँग प्रार्थना गर्नुभएन। हामीले गर्नुपर्ने काम छ। उहाँले उद्धारको सन्देशसाथ हामीलाई संसारमा पठाउनुभएको छ।



येशूले आफ्ना चेलाहरूलाई परमेश्वरको साँचो वचन सिकाउनुभयो भन्ने कुरा यस अध्यायमा धेरै पल्ट उल्लेख छः ८,१४,१७ पदहरू। परमेश्वरको वचनद्वारा हामी उहाँका आफ्नै हुनुपर्छ भनी १७ पदमा हामीलाई बताइएको छ।

परमेश्वरले येशूलाई संसारमा पठाउनुभएझैं उहाँले पनि चेलाहरूलाई संसारमा पठाउनुभएको छ भनी येशूले भन्नुभयो। हराएकाहरूलाई खोज्न र उद्धार गर्न येशू आउनुभयो। यसैले ख्रीष्टियानहरूको हैसियतले हामीहरूले पनि अरू मानिसहरूलाई

प्रभुमा जित्ने प्रयास गर्नुपर्छ। मण्डलीहरूमा, विद्यालयहरूमा, साहित्यमा, रेडियोमा र व्यक्तिगत साक्षीमा हामीले परमेश्वरको वचन दिइरहनुपर्छ। अनि मानिसहरूलाई जीवनको मार्ग देखाउनका लागि तिनीहरूका अगाडि हामीले साँचो ख्रीष्टियान जीवन जिउनैपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**२** शैतानले ख्रीष्टियानहरूसँग कस्तो व्यवहार गर्छ?

**क**. त्यसले तिनीहरूको वास्तै गर्दैन।
**ख**. परमेश्वरलाई त्याग्न र पापमा फर्कनको निम्ति त्यसले मानिसहरूलाई प्रेरणा दिन्छ।
**ग**. त्यसले मानिसहरूलाई परमेश्वरबाट टाढ़ा लैजान्छ।

**३** संसारप्रतिको हाम्रो व्यवहार कस्तो हुनुपर्छ?

**क**. यसलाई छोडेर जानको निम्ति हामीले प्रार्थना गर्नुपर्छ।
**ख**. हामी यसमा रहेर यसको आनन्दको भोग गर्नुपर्छ।
**ग**. हामीले संसारलाई परमेश्वरको वचन दिनुपर्छ।

**४** येशूका चेलाहरूलाई कसरी संसारमा पठाइनुपर्छ?

**क**. येशू जानुभएको हुनाले गोठालाविनाको भेड़ाजस्तै गरी।
**ख**. परमेश्वरले येशूलाई पठाउनुभएजस्तै गरीः हराएकाहरूलाई खोज्न र प्रभुका निम्ति तिनीहरूलाई जित्न।
**ग**. आफ्नो मण्डलीमा मानिसहरूलाई बोलाउनका लागि मण्डली सदस्यहरूजस्तै गरी।

**तिनीहरू एक होऊन्**

यूहन्ना १७:२०-२३ फेरि पढ्नुहोस्।

त्यस बेलामा भएका आफ्ना चेलाहरूका निम्ति मात्र होइन, तर उहाँमा विश्वास गर्ने सबै जनाका निम्ति येशूले प्रार्थना गरिरहनुभएको थियो। यसको अर्थ तपाईंको निम्ति पनि येशूले प्रार्थना गर्नुभएको थियो। उहाँलाई पछ्याउनेहरू सबै एक होऊन् भनी येशूले प्रार्थना गर्नुभयो। यसको अर्थ तिनीहरूले एकतामा एकसाथ जिएको र काम गरेको उहाँ चाहनुहुन्थ्यो। विभाजित हुनु र एक-अर्काको विरुद्धमा काम गर्नु ख्रीष्टियानहरूका निम्ति असल होइन।

त्यहाँ धेरै मण्डलीहरू छन्, तर ती सदस्यहरूले ख्रीष्टलाई पहिलो स्थानमा राख्न इच्छुक भए भने तिनीहरू मिलापमा जिउन सक्छन्। आज कोही मानिसहरूले भन्ने गर्छन् कि सबै मण्डलीहरू एउटै बन्नुपर्छ, तर विभिन्न मण्डलीहरूले विभिन्न कुराहरू विश्वास गरेका हुनाले यसो हुन सक्ने सम्भावना छैन।

येशूले सिकाउनुभएका कुराहरूमा विश्वास नगर्ने मण्डलीसँग हामी संलग्न हुन सक्दैनौं। येशू परमेश्वरका पुत्र हुनुहुन्छ, कन्या मरियमबाट जन्मनुभयो, र हामीलाई पापबाट उद्धार गर्ने एक मात्र कुरा हाम्रा निम्ति भएको उहाँको मृत्यु हो भन्ने कुरा हामी विश्वास गर्छौं। यदि हामी "एक" हुन चाहन्छौं भने हामी यी महत्त्वपूर्ण कुराहरूमा मञ्जुर हुनुपर्छ।

> "सहमत नभएसम्म के दुइ जना एकैसाथ हिँड्न सक्छन् त" (आमोस ३:३)।

उहाँमा र पितामा हामी एक हुन सकौं भनी येशूले प्रार्थना गर्नुभयो। ख्रीष्टमा हुनुचाहिँ ख्रीष्टियान एकताको आधार हो।

यदि तपाईं ख्रीष्टियान सङ्गति र आत्मिक सहायता चाहनुहुन्छ भने, बाइबलमा विश्वास गर्ने, बाइबललाई सिकाउने र बाइबलको आज्ञा पालन गर्ने मण्डलीमा जानुहोस्– यस्तो मण्डली जहाँ ख्रीष्टको उपस्थिति वास्तविक हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**५** येशूले कसको निम्ति प्रार्थना गर्नुभयो?

**क.** बाह्र चेलाहरूका निम्ति।
**ख.** एउटै मण्डलीमा संलग्न हुन सकून् भनी मण्डलीका सबै सदस्यहरूका निम्ति।
**ग.** उहाँमा विश्वास गर्ने सबैका निम्ति– आज विश्वास गर्नेहरू पनि।

**६** येशूले तपाईंको निम्ति प्रार्थना गर्नुहुन्छ भनी जान्न पाउँदा के यसले तपाईंलाई खुशी तुल्याउँछ? ............ उहाँका प्रार्थनाहरूका निम्ति उहाँलाई धन्यवाद दिनुहोस्।

**७** आफ्ना चेलाहरू एक होऊन् भनी येशूले प्रार्थना गर्नुहुँदा, के सबै ख्रीष्टियानहरू आज एउटै मण्डलीका सदस्यहरू हुनुपर्छ भन्ने अर्थ उहाँले लगाउनुभएको थियो?

**क.** हो, त्यहाँ बेग्लाबेग्लै मण्डलीहरू हुनुहुँदैन।
**ख.** होइन, ख्रीष्टियानहरू एउटै मण्डलीका सदस्यहरू हुनु आवश्यक छैन।
**ग.** होइन, केही मण्डलीहरूले येशूले सिकाउनुभएका कुराहरूलाई विश्वास गर्दैनन्।

८ ख्रीष्टियानहरूका बीचमा हुनुपर्ने एकताको निम्ति प्रार्थना गर्नुहोस्।

**मसँग रहून्**

यूहन्ना १७:२४-२६ फेरि पढ्नुहोस्।

उहाँ आफू हुनुभएकै ठाउँमा आफ्ना चेलाहरू पनि भएको चाहना उहाँले व्यक्त गर्नुभई येशूले आफ्नो प्रार्थना बन्द गर्नुभयो। एक दिन हामी उहाँसँग हुनका लागि जानेछौं। उद्धार पाएकाहरू सबै परमेश्वरको सिंहासनको अगाडि उभिने र मारिनुभएका थुमा, येशूको प्रशंसा गाउनेहरू सबैका बारेमा प्रकाशको पुस्तक (बाइबलमा अन्तिम पुस्तक) ले हामीलाई बताउँछ।

प्रभुसँग हुनका लागि हामीलाई कहिले बोलाइन्छ भन्ने सम्बन्धमा हामीलाई थाहा छैन। तबसम्म परमेश्वरलाई खुशी पार्ने किसिमले प्रत्येक दिन हामीले जिउनुपर्छ। तब हामी मृत्युसँग डराउनेछैनौं, किनकि परमेश्वरको उपस्थिति भित्र हामी प्रवेश गर्नका लागि मृत्युचाहिँ ढोका मात्र हो भन्ने कुरा हामीलाई थाहा हुनेछ।

येशूले आफूसँग हुनका लागि उद्धार पाएका मानिसहरूलाई मात्र लैजानुहुनेछ। उद्धार नपाएका मानिसहरूले उहाँसँग कहिल्यै पनि स्थान पाउनेछैनन्। के तपाईं सधैंभरि येशूसँग हुन चाहनुहुन्न र?

"किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका

साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ'' (१ थेसलोनिकी ४:१६-१८)।

### तपाईंको अभ्यासको निम्ति

९ येशूले आफ्नो प्रार्थनालाई कसरी अन्त गर्नुभयो?

- **क.** उहाँ आफू हुनुभएकै ठाउँमा आफ्ना चेलाहरू पनि भएको चाहना व्यक्त गरेर
- **ख.** मानिसहरू मरिसकेपछि पनि उद्धार पाउनका लागि उहाँले तिनीहरूलाई एउटा मौका दिने चाहना व्यक्त गरेर।
- **ग.** संसारले परमेश्वरलाई चिनेको छ भन्ने कुरा व्यक्त गरेर।

१० यदि आज तपाईं मर्नुभयो भने, के तपाईं प्रभुसँग हुनका लागि जानुहुन्छ?

- **क.** म निश्चित छैन।
- **ख.** मैले अझैसम्म उद्धार पाएको छैन।
- **ग.** जान्छु, किनकि मैले येशूलाई मेरा आफ्नै मुक्तिदाताका रूपमा विश्वास गरेको छु।

यदि तपाईंले ग) को वरिपरि घेरा लगाउन सक्नुभएन भने अहिले नै तपाईंले येशूसँग आफ्ना पापहरूबाट क्षमा मागी उद्धारको निम्ति प्रार्थना गर्नुहोस्। तब तपाईं पनि प्रभुसँग हुनका लागि जाने कुरामा निश्चित हुन सक्नुहुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ ग) उहाँमा विश्वास गर्ने सबैका निम्ति-आज विश्वास गर्नेहरू पनि।

२ ख) परमेश्वरलाई त्याग्न र पापमा फर्कनका निम्ति त्यसले मानिसहरूलाई प्रेरणा दिन्छ।

७ ग) होइन, केही मण्डलीहरूले येशूले सिकाउनुभएका कुराहरूलाई विश्वास गर्दैनन्।

३ ग) हामीले संसारलाई परमेश्वरको वचन दिनुपर्छ।

६ क) उहाँ आफू हुनुभएकै ठाउँमा आफ्ना चेलाहरू पनि भएको चाहना व्यक्त गरेर।

४ ख) परमेश्वरले येशूलाई पठाउनुभएजस्तै गरीः हराएकाहरूलाई खोज्न र प्रभुका निम्ति तिनीहरूलाई जित्न।